स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव
# जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दसैं नजिकिँदै गर्दा नायाक आर्यन सिग्देल र मोडल अशिम थापाको रोमान्स रहेको दसैं गीत 'पिपल डाँडामा दसैं' भिडियो सहित सार्वजनिक भएको । रोमान्टिक शैलीको गीतमा आर्यन र अशिम रोमान्टिक जोडीको रुपमा प्रस्तुत भएका छन् । गीतमा दुबैको रोमान्स सुहाउँदो छ । भिडियो दसैंको माहोल तयार गरिएको छ । राजेश पायल राई र समिक्षा अधिकारीको युगल स्वर रहेको गीतमा दाहाल सन्तोषको शब्द, विशाल निरौलाको संगीत छ ।

आजको विचार...



मेखराज उदय

संसदीय...

(दुई पेजमा)

सुपरस्टार दयाहाङ राई अभिनीत फिल्म 'राजागञ्ज : द स्काइ इज माइन'ले नर्वेजियन फिल्म इन्स्टिच्युटको सोर्फोन्डबाट ७६ लाख ५२ हजार रुपैयाँ (५७ हजार ६०० अमेरिकी डलर) फन्ड जितेको छ । चर्चित अमेरिकी म्यागेजिन भेराइटीले 'राजागञ्ज' उक्त फन्ड जित्ने नौं फिल्ममध्ये एक रहेको उल्लेख गरेको छ । दीपक रौनियारको निर्देशन रहेको फिल्ममा दयाहाङको साथमा निकिता चण्डक, आशा मगराती, पशुपति राई, ऋचा शर्मा, विजय बराल, गौमाया गुरुङ, घनश्याम मिश्र, आरती मण्डल, पुष्प यादव लगायतको अभिनय छ ।



❒ वर्ष २९ ❒ अंक ८९ ❒ २०८० असोज २७ गते शनिबार 14 October 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# सात वर्ष बित्दा समेत बनेन् कालीगण्डकीमा पक्की पुल

रासस

**बलेवा (बागलुङ),** असोज २६/ पैदलयात्रा गरिरहेका बटुवाले पसिना पुछ्दै सोध्छन्- 'यो पुल कहिले बन्छ ?' उकालीओराली गर्दै झोलुङ्गे पुलको सहारामा कालीगण्डकी नदी वारपार गरेपछि लाग्दो हो पुल बने मोटरमा सहजै जानेआउने हुन्थ्यो । घाट पुगेका मलामीले हरेक वर्ष सोध्छन्- 'यो पुल अझै बनेन् ? कहिले बन्छ होला है ?' बागलुङको जैमिनी नगरपालिका-१ कुश्मीशेराको जैमिनीघाटमा बागलुङ-पर्वत जोड्ने झोलुङ्गे पुलको छेवैमा व्यवसाय गरेर बसेका हरि केसीले सुन्दै आएका प्रश्न हुन् यी ।

बर्खामा उर्लिने हिउँदमा निरन्तर बगिरहने कालीगण्डकीमा पक्की पुल बन्न थालेको सात वर्ष बित्यो । कहिले फलामका रड मात्रै ठडिएका देखिन्छन्, कहिले पिल्लर बनिसकेका देखिन्छन् । अहिलेसम्म पुलले सानोतिनो आकार मात्र लिएकाले पुल बनिहाल्छ जस्तो नलाग्ने सर्वसाधारण बताउँछन् ।



जैमिनी-१ कुश्मीशेरा र पर्वतको फलेवास जोड्ने गरी कालीगण्डकी नदीमाथि निर्माणाधीन पक्की पुलको काम सात वर्षदेखि चलिरहेको छ । 'विभिन्न कारणले लामो समयदेखि काम अगाडि बढ्न सकेन् । अघिल्लो वर्ष धेरै काम भएको छ । अब २० प्रतिशत काम मात्रै बाँकी छ', सडक डिभिजन कार्यालय बागलुङका इञ्जिनियर किरण पोखरेलले भने, 'कठिन काम सकियो । निर्माण कम्पनीको म्याद पनि सकिएको छ । म्याद र बजेट थप भए अबको एक वर्षमा पुल निर्माण सम्पन्न हुन्छ ।' उनले पाँच वर्षसम्म अलपत्र रहेको कामले अघिल्लो वर्ष गति लिएको बताउँदै अघिल्लो वर्ष मात्रै ४५ प्रतिशत काम भएको जानकारी दिए । पोखरेलका अनुसार त्यसभन्दा अघिको वर्ष करिब ३५ प्रतिशत काम भएको थियो । 'पुलका पिल्लर बनिसकेका छन् । ढलान स्लापको काम बाँकी हो । आसपासका एप्रोज रोड र पुल जोगाउन तारजालीको लागि भिओ गर्नुपर्ने छ', पोखरेलले भने, 'कूल बजेटको १५ प्रतिशत भित्रै हुने गरी भिओ बनाउने योजना छ । भिओ भएको बजेट स्वीकृत हुँदा आगामी असारसम्म पुल तयार हुन्छ ।'

जैमिनी-१ कुश्मीशेरा र पर्वतको फलेवास नगरपालिका-६ देविस्थान जोड्ने गरी विसं २०७३ असोज ९ गतेदेखि पुल निर्माण थालिएको थियो । प्राविधिक कारणले लामो समयसम्म काम रोकिएको थियो ।

*(...बाँकी अन्तिम पेजमा)*

## संक्षिप्त समाचार

### कोइला खानी भत्किँदा तीनको मृत्यु

(रासस/सिन्ह्वा)

**नयाँदिल्ली,** असोज २६/भारतको पूर्वी राज्य पश्चिम बङ्गालमा रहेको कोइला खानी भत्किँदा कम्तीमा तीन जनाको मृत्यु हुनुका साथै अन्य कैयौं फसेको अधिकारीहरूले शुक्रबार बताएका छन् । स्थानीय सञ्चारमाध्यमका अनुसार बेपत्ताको संख्या करिब १० जना रहेको छ । पश्चिम बङ्गालको राजधानी कोलकाताबाट करिब १९७ किलोमिटर उत्तरपश्चिममा पर्ने पश्चिम बर्धमान जिल्लाको रानीगञ्ज क्षेत्रमा रहेको नारायणकुरी कोलियरीभित्र कोइला उत्खननको काम गरिरहेका बेला बुधबार दिउँसो कोइला खानी भत्किएको हो । 'कोइला खानी भत्किँदा तीन जनाको मृत्यु भएको छ र उनीहरू स्थानीय बासिन्दा रहेको पहिचान भएको छ,' एक प्रहरी अधिकारीले भने । उनले भने, 'अरू धेरै हराइरहेका हामीलाई जानकारी प्राप्त भएको छ । उनीहरूभित्र फसेको आशङ्का गरिएको छ ।' फसेका कामदारको खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुई दर्जनभन्दा बढी मानिस अवैध रूपमा खानीभित्र पसेको तर दुर्घटनापछि केही मानिस त्यहाँबाट बाहिर निस्कन सफल भएका छन् भने केही भित्र फसेको छन् ।

## नवजनचेतना दैनिकका लेखक अर्याल पुरस्कृत



**पाल्पा,** असोज २६/नवजनचेतना राष्ट्रिय दैनिकका लेखक दुर्गा अर्याल राष्ट्रिय स्तरको लेखन प्रतियोगिताबाट पुरस्कृत भएका छन् । बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल, नेपाल पत्रकार महासंघ तथा नेपाल विजनेस इन्सिच्युटको संयुक्त आयोजनामा भएको लेखन प्रतियोगिताबाट नगद सहित अर्याल पुरस्कृत भएका हुन् ।

उनलाई शुक्रबार काठमाडौंमा एक औपचारिक कार्यक्रमका बिच उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले नगद ५० हजार सहित पुरस्कृत गरेका छन् । 'वर्तमान आर्थिक परिदृश्य र समृद्धिको मार्गचित्र' शिर्षकको राष्ट्रियस्तरको लेखनमा पाल्पाका अर्यालले पनि सहभागिता जनाएका थिए । सहभागी मध्ये उनी तेस्रो स्थानमा पर्न सफल भएका हुन् । वर्तमान आर्थिक संकट समाधान र समृद्धिको मार्गचित्र बारे राष्ट्रियस्तरमा बहस पैरवी गर्दै समाधानको निचोड निकाल्नका प्रतियोगिता आयोजना गरिएको थियो । पुरस्कृत लेख अर्थशास्त्रका प्राध्यापक समेत हुन् । उनले नवजनचेतना दैनिक र शित्तलपाटी डटकममा नियमित रुपमा आर्थिक र समसामयिक रुपमा लेखहरु लेख्दै आएका छन् ।

## पप माविको 'अमृत वर्ष महोत्सव' शुभारम्भ

### विविध कार्यक्रम गरी मनाइयो ७७ औं अभिभावक दिवस

**पाल्पा,** असोज २६/२००४ सालमा पश्चिम नेपालका आम नागरिकहरुलाई शिक्षाको ज्योती छर्ने महान उद्देश्यले पाल्पाको तानसेनमा स्थापना भएको पद्य पब्लिक नमूना माध्यमिक विद्यालयले अमृत वर्ष महोत्सव शुभारम्भ गरेको छ । विद्यालयले ७७ औं अभिभावक दिवसका अवसरमा अमृत वर्ष महोत्सव शुभारम्भ गरेको हो ।




असोज २३ गतेदेखि विभिन्न कार्यक्रमहरुको आयोजना गरी अभिभावक दिवस मनाएको विद्यालयले शुक्रबार दिवसको समापनसँगै अमृत वर्षको शुभारम्भ गरेको छ । विगतको इतिहास कायम गर्दै आगामी वर्षलाई अब्बल विद्यालयको रुपमा स्थापित गराउने गरी अमृत वर्ष महोत्सवको रुपमा सुरु गरिएको विद्यालयले जनाएको छ । स्कुल तहदेखि कक्षा ११/१२ मा शैक्षिक कार्यक्रम विकासमा यस स्कुलको ठूलो योगदान रहेको छ । सात दशक लामो यात्रामा विद्यालयले देशका लागि महत्वपूर्ण जनशक्ति उत्पादन गर्न सफल भएको छ । आगामी वर्षहरुलाई अमृत वर्षका रुपमा मनाउने गरी विद्यालय अगाडि बढेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्करराज रेग्मीले बताए । उनले भने 'हामीले विद्यालयलाई थप गुणस्तरीय, व्यवसायिक र प्रविधिमैत्री बनाउने गरी योजना अगाडि सारेका छौं ।' विद्यालयको दीर्घकालीन योजना बनाएरै विद्यालय अगाडि बढेको अध्यक्ष रेग्मीले बताए । उनले सबैको सहयोग र साथका कारण नै स्कुलले ७७ वर्ष मनाउन सफल भएको भन्दै सबैलाई धन्यवाद दिए ।

विद्यालयका प्रधानाध्यापक सन्तवीर बरालले भावी योजनाहरु सार्वजनिक गर्दै पाँच वर्ष भित्रमा विद्यार्थी संख्यामा वृद्धि गरी ५ सय ४० पुऱ्याउने, पुन: नमूना योग्य पुरातात्विक विद्यालय निर्माण गर्ने, विद्यालयको भौतिक पक्षलाई थप आकर्षक बनाई पूर्खाले आर्जेको सम्पति र तानसेनको पुरातात्विक सम्पतिलाई जोगाई राख्ने बताए । उनले विद्यालयको संख्यात्मक भन्दा पनि गुणस्तरमा ध्यान दिई नतिजामुखी बनाउने, शिक्षक तथा कर्मचारीमा कार्य सम्पादनका पारदर्शी मापदण्ड बनाई कार्यान्वयन र प्रोत्साहन गर्ने लगायतको योजना अगाडि सारिएको बताए । अभिभावक दिवस समारोहको अवसरमा आयोजित कार्यक्रममा समेत स्कूलको ७७ वर्षे यात्राको मुक्तकण्ठले प्रशंसा गरिएको छ । विद्यालयका पूर्व शिक्षक तथा विद्यार्थी लक्ष्मी उदयले विद्यालयमा अध्ययन गर्दा र अध्यापन गर्दाका क्षणहरु स्मरण गर्दै जिल्लाको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान महत्वपूर्ण रहेको बताइन् । उनले ७७ वर्षे लामो यात्रा तय गर्नु विद्यालयका लागि चुनौतिको विषय भए पनि आफुलाई सफल शैक्षिक संस्थाको रुपमा स्थापित गराउन सक्नु नै महत्वपूर्ण रहेको उल्लेख गरिन् । सामाजिक विकास डिभिजन कार्यालयका प्रमुख मित्रलाल गौतमले विद्यालयले पाँच वर्षे योजना बनाएर अगाडि बढेकोमा खुसी व्यक्त गर्दै योजना सफल बन्न सकोस् भन्ने शुभकामना व्यक्त गरे । कार्यक्रममा तानसेन - ३ का वडा अध्यक्ष बाबुरत्न शाक्य, शिक्षाविद् बुद्धिप्रसाद शर्मा, नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष लक्ष्मण बस्याल, नेपाली काँग्रेसका नेता एवं साहित्यकार राजेन्द्र गोपाल सिंह, अक्षयकोष दाता तथा पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, नेपाल प्रेस युनियन पाल्पाका उपसभापति रामचन्द्र रायमाझी, विद्यालयका पूर्व प्रअहरु नरायण प्रसाद शर्मा, गोविन्द नेपाल, अभिभावक संघका अध्यक्ष चित्रबहादुर कुमाल, पूव शिक्षक टिकाराम बस्याल, विद्यार्थी सिर्जना कार्की लगायतले विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गर्दै आ-आफ्ना धारणा राखेका थिए । विद्यालयले असोज २३ गतेदेखि विभिन्न साँस्कृतिक, खेलकूद, बौद्धि प्रतियोगिताहरु सञ्चालन गरेको थियो । सोही अवसरमा छात्रवृत्ति तथा वार्षिक पुरस्कार समेत वितरण गरिएको थियो । विद्यालयमा विभिन्न व्यक्तिहरुले अक्षयकोष समेत स्थापना गरेका छन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पुष्करराज रेग्मीको अध्यक्षता, सहायक प्रधानाध्यापक जनकलाल कर्णको स्वागत, शिक्षिका सीता अधिकारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सडक सुरक्षामा ध्यान देऊ

यतिबेला पाल्पा, गुल्मी सहित देशका अधिकांश सडकहरु जोखिम पूर्ण रहेका छन् । जताततै खाल्डा र खुल्डीका कारण यहाँका सडकहरु जोखिमपूर्ण बनेका हुन् । ग्रामीण क्षेत्रका सडक मात्र होइनन् यहाँ मुख्य–मुख्य सडकहरु हिंड्न समेत लायक छैनन् । कतै खाल्डा, कतै धुलाम्य सडकले सवारी साधन मात्र होइन ति सडकमा यात्रा गर्ने यात्रुहरु समेत प्रभावित भएका छन् । दसैं, तिहार जस्ता चाडपर्वहरु नजिकिँदै छन् । दसैं मान्न घर फर्कनेहरुको भीड बढ्न थालेको छ । यो क्रम घटस्थापनादेखि तीव्र हुन्छ । तर सडकको दूरावस्थाको कारण सडकमार्गको यात्रा अत्यन्तै कठिन बनेको छ । नारायणगढ–बुटवल सडकखण्डको दाउन्ने, बुटवल–पाल्पा, तानसेन–रिडी लगायत अधिकांश सडकमा सवारी दुर्घटनाको जोखिम बढेको छ । धेरैका लागि दसैंमा गाडी नपाइएला कि, पाइएपनि समयमा र सुरक्षित रुपमा नपुगिएला कि भन्ने चिन्ता रहेका बेला सडकको दुरवस्थाका कारण भने पिरोलिन बाध्य बनाएको छ । यो अत्यन्त दु:खको कुरा हो ।

सडकमा खाल्डाखुल्डी भए पुरेर, एकतर्फी मात्र रहेका ठाउँमा दुईतर्फी आवागमन मिलाएर चाडपर्वमा सकेसम्म सहज रुपमा गाडी सञ्चालन हुने व्यवस्था मिलाउनु अहिलेको आवश्यकता हो । सवारी चाप अत्यधिक हुने दसैं–तिहारजस्ता चाडपर्वका बेला सडककै कारण ट्राफिक व्यवस्थापन जटिल बन्ने गर्छ । सडकमा सहज आवागमन भइरहोस् भनेर सरकारले सडकको मर्मतसम्भार नियमित रुपमा गर्नुपर्ने हो तर त्यस्तो पाइँदैन । आम जनमानस दिनहुँ हिंडडुल गर्ने व्यस्त सडकको सामान्य सुधार गर्न पनि सरकार उदासीन हुनु विडम्बनाको हो । साँघुरो सडक र अव्यवस्थित सवारी साधनका असुरक्षित सडक हुँदा बेला–बेला दुर्घटनाहरू भइरहन्छ । त्यस्ता दुर्घटनाले मानवीय तथा भौतिक क्षति बढिरहेको छ । सडक साँघुरो हुनु र सडक सुरक्षा नहुँदा यस्ता घटनाहरू धेरै हुँदै आएका छन् । दुर्घटना नहोस् भन्नका लागि समेत सडकलाई दुरुस्त राख्नुपर्छ । पर्वका बेला पहिरो वा अन्य कुनै कारणले सडक अचानक अवरुद्ध हुन जाँदा धेरै यात्रु अलपत्र पर्न सक्ने भएकाले आवागमन तत्काल खुलाउने गरी प्रवन्ध मिलाउन पनि आवश्यक छ । तसर्थ नजिकिदै गरेका चाडपर्वमा यात्रुहरुलाई सहज र सुरक्षित यात्राका लागि सम्बन्धित निकायले सडक सुरक्षामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

दिल भित्र आगलागी चलिरहेको बेला, त्यो मनले यो मनलाई छलिरहेको बेला ।
किन दिन्छौ सलाई, चाहिँदैन मलाई, तिम्रा यादहरुले त्यसै जलिरहेको बेला ।।
*(सागर कोइरालाको फेसबुक स्टाटस https://www.facebook.com/sagar.koirala.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संसदीय लोकतन्त्रको पक्षमा उभिनुका आधार



## मेखराज उदय

***नेपालमा संसदलाई सत्ता, स्वार्थ र कमिसनको गोलचक्करमा फसाइयो । संविधान बमोजिमको आम निर्वाचनबाट गठन भएको संसद (संघीय र प्रदेश दुवै) को पहिलो कार्यकाल समाप्त भई दोस्रो संसद गठनको पहिलो वर्ष अन्त्यको चरणमा पुगिएको छ । संविधान कार्यान्वयनका निम्ति निर्माण गरिनुपर्ने सय भन्दा बढी कानुनका मस्यौदा संसदमा अलपत्र पारिएका छन् ।***

नेपालको संविधान, २०७२ निर्माणको आठ वर्ष पूरा भई भर्खरै नवौं वर्षमा प्रवेश गरेको छ । विगतका बलिदानी, शहादत, त्याग, संघर्ष, आन्दोलन र जनताको रगत-पसिनाको परिणामस्वरूप यो संविधान प्राप्त भएको हो । संविधानले मूलत: संघीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता र समानता तथा आंशिक रूपमा समावेशी सिद्धान्तलाई वैधानिकता प्रदान गरेको छ । यो नेपाली जनता र मुलुकका लागि असाधारण उपलब्धि हुन् । संविधानको कार्यान्वयन, ऐन-कानुनहरूको निर्माण र अपेक्षित संशोधन आवश्यक छ । भारतका संविधान निर्माता समेत रहेका विद्वान् डा. भीम राव अम्बेडकरको शब्दमा संविधान केवल वकिलको कागजात मात्रै होइन, यो जीवनको वाहन हो र यसको भावनासँग सधैं युगको भावना रहन्छ । संविधान भनेको बहुमतको बलमा तत्कालीन समयमा शक्तिमा रहेका स्वार्थ समूहको लेनदेन र स्वार्थमा बलपूर्वक निर्माण गरिने राजनीतिक दस्तावेज हो । अत: स्वार्थ र शक्तिशाली समूहको गठन, पतन, विघटन र नयाँ निर्माण भइरहने स्वाभाविक प्रक्रिया भएको हुँदा यो संशोधनीय दस्तावेज हो, हुन्छ । जुन कुनै संविधानले सधैं समयानुकूल संशोधनको अपेक्षा र माग गर्दछ । यो शाश्वत सत्य र कानुनी मात्रै होइन, राजनीतिक बुझाइ हो ।

नेपाल बन्न नसक्नुका धेरै कारण छन् । बस्न लायक देश किन बनाउन सकिएन ? अथवा बस्न लायक देश बनाउन के-के गर्नुपर्ला ? प्रगतिशील, विकास, समृद्धि, समानता, समावेशिता, न्याय र शान्तिपूर्ण मुलुक बनाउन के के बाधक छन् ? पैसा, नि:शुल्क र गुणस्तरीय शिक्षा, सर्वसुलभ र आधुनिक स्वास्थ्य, रोजगारी, शान्तिसुरक्षा आदि आधारभूत आवश्यकता पूर्ति गर्न सक्ने राज्य निर्माण गर्न सक्ने हो भने, नेपाल बस्न लायक मुलुक बन्छ । राज्य व्यवस्था, शासन पद्धति, नीति र नेतृत्व कस्तो भएको अवस्थामा देशको तरक्की सम्भव छ ? कतै देशको शासन प्रणाली, मुलुकको नीति र नेतृत्व नै असफल वा गलत त छैन ? प्रश्न हजार उठाउन सकिन्छ । नेपालमा २००७ सालको परिवर्तन पश्चात् नै संसदीय बहुदलीय व्यवस्था प्रयोग गरियो । त्यसबीच शाही पञ्चायत (जुन अवधिमा बहुदल वर्जित थियो) तथा माओवादी विद्रोह र दरबारका कारण तत्कालीन संविधान र संसदीय प्रजातन्त्र नै संकटमा पर्‍यो । ती संकट र संक्रमणकालीन अवधिलाई छाडेर अन्य समयमा मुलुक संसदीय लोकतान्त्रिक पद्धतिमा शासित हुँदै आइरहेको छ । संसदीय व्यवस्थाको विरोधी शक्तिहरूको एकसूत्रीय आरोप छ, नेपाल नबन्नु, असफलतातिर जानु, जातीय, क्षेत्रीय, लैंगिक, वर्गीय, धार्मिक र साम्प्रदायिक विभेद, असमानता, असभ्यताको एक मात्रै कारण संसदीय व्यवस्था हो । उनीहरू प्रश्न गर्छन्, संसदीय व्यवस्था कारण होइन भने हालसम्म देश किन बनेन ? विभेद, असमानता, हिंसा, बेरोजगारी, दमन, भोकमरी, अभाव, अस्थिरता आदि कष्टबाट मुक्ति पाउन किन सकिएन ? यस प्रसंगमा भोल्टेयरको एक प्रसिद्ध भनाइ स्मरणीय हुन सक्छ, 'कोही व्यक्तिको मूल्यांकन उसको जवाफको सट्टा उसको प्रश्नका आधारमा गर्नुस् ।' सन् १६९४ मा पेरिसमा जन्मिएका भोल्टेयर महान् साहित्यकार हुन् । के संसदीय लोकतन्त्र नै यी सबै समस्याका मुख्य कारण र आधार हुन् त ? सवाल स्वाभाविक नै लाग्छ । यस आलेखमा शासन पद्धति र त्यसमा पनि संसदीय लोकतन्त्रका दृष्टिकोणबाट बहसको थालनी गरिएको छ ।

**संसदीय लोकतन्त्र कसरी उत्तम ?** संसदीय लोकतन्त्र हाम्रो जस्तो विविधतापूर्ण मुलुकमा सबैभन्दा उपयुक्त व्यवस्था हो । लोकतन्त्र, त्यसमा पनि संसदीय लोकतन्त्र । जातीय, क्षेत्रीय, लैंगिक, धार्मिक, आर्थिक विविधता र विभेद समेत रहेको समाज वा मुलुकमा संसदीय व्यवस्थाको विकल्प छैन । संसद जनताको सार्वभौमसत्ता र राष्ट्रको सार्वभौमिकता प्रयोग गर्ने संस्था हो । नेपालमा संसदलाई सत्ता, स्वार्थ र कमिसनको गोलचक्करमा फसाइयो । संविधान बमोजिमको आम निर्वाचनबाट गठन भएको संसद (संघीय र प्रदेश दुवै) को पहिलो कार्यकाल समाप्त भई दोस्रो संसद गठनको पहिलो वर्ष अन्त्यको चरणमा पुगिएको छ । संविधान कार्यान्वयनका निम्ति निर्माण गरिनुपर्ने सय भन्दा बढी कानुनका मस्यौदा संसदमा अलपत्र पारिएका छन् । अझै कति कानुनका सम्बन्धमा छलफल, बहस नै भएका छैनन् ।

संविधानले संविधान घोषणाको ३ वर्षभित्र सबै ऐन, कानुनको अनिवार्य निर्माणको संवैधानिक सुनिश्चितता गरेको छ । तथापि संघीय सरकार, संसद संविधान कार्यान्वयनका निम्ति ऐन, कानुन निर्माण गर्न इच्छुक र जिम्मेवार देखिंदैन । निराशा यस कारण पनि छ कि, पुराना दलको गैरजिम्मेवार हर्कतभन्दा पृथक् भूमिका नयाँ भनिएका दलहरूको समेत देखिदैन । सामान्यतया संसदीय व्यवस्थामा बहुमत प्राप्त दलले सरकार सञ्चालन गर्छ । संसदको त्यो कार्यकालभरि अन्य दलहरू निर्वाचन परिणामले निर्धारण गरिदिएको हैसियत अनुसार संसदमा प्रतिपक्षको भूमिका निर्वाह गर्छन् । अर्को निर्वाचनसम्म हैसियत अनुसार भूमिका निर्वाह गर्नु र सरकारको गुण र दोषका आधारमा समर्थन वा विरोध गर्नु प्रतिपक्षी दलको संवैधानिक, नैतिक र राजनीतिक कर्तव्य एवं दायित्व दुवै हुन् । तथापि हाम्रो संसदमा कुनै एक दलको स्पष्ट बहुमत प्राप्त भएन । यस्तो अवस्थामा पहिलो दलको नेतृत्वमा तेस्रो र अन्य दलहरूको समर्थनमा सरकार गठन गरिनु संसदीय परम्परा, मान्यता बमोजिम न्यायोचित हुन्थ्यो । किनभने दोस्रो दल सशक्त प्रतिपक्षी हुँदा संसदमा सरकारलाई जिम्मेवार बनाउन बलियो भूमिका खेल्दछ । विडम्बना नेपालमा कमजोर तेस्रो दलको नेतृत्वमा सरकार गठन हुन पुग्यो । जसका कारण प्रधानमन्त्रीलाई सधैं सत्ता गठबन्धनको दबाव र स्वार्थको झन्झटमा फस्नुपर्ने बाध्यताले उम्कनै नदिने अवस्था छ । त्यसको प्रत्यक्ष प्रभाव संसद र संसदको बिजनेसमा पर्न गएको स्पष्ट छ । त्यसमाथि संसदमा प्रमुख प्रतिपक्षी दलको नेता समेत रहेका केपी ओली र उनले नेतृत्व गरिरहेको दल नेकपा एमालेको गैरजिम्मेवार र असंसदीय चरित्र एवं व्यवहारको चपेटामा संसद पर्ने गरेको छ । ज्ञातव्य छ, एमाले एकै कार्यकालमा दुई पटक असंवैधानिक संसद विघटन गर्ने र कुण्ठापूर्वक विना कारण लामो समयसम्म संसद अवरोध गरी चल्न नदिने गैरजिम्मेवार दल हो । कांग्रेसलाई भने सत्ताका निम्ति जे पनि गर्ने स्वघोषित अधिकार छ । कांग्रेसलाई हरेक अलोकतान्त्रिक, असंसदीय र कतिपय गैरसंवैधानिक समेत काम र व्यवहार गरेर भए पनि सत्तामा टाँसिनु छ । र, ती हर्कत कांग्रेसले गरेको हुँदा स्वाभाविक र लोकतान्त्रिक भएको मान्यता पाउने गरेका थुप्रै उदाहरण देखिंदै आइएका हुन् । त्यसैले संसदीय व्यवस्थाका कारणले होइन, बरु दल र उसका अक्षम नेतृत्वका कारण संसदीय लोकतन्त्र परिणामहीन र असफलता उन्मुख देखिएको चाहिं सत्य हो । अब यसको अर्को पाटो पनि खोलौं । कतिपयलाई लाग्छ, संसदीय व्यवस्था नै गलत छ । त्यसको सट्टा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति रहने व्यवस्थामा जाऔं । विशेषत: डा. बाबुराम भट्टराईको परम्परागत मान्यता छ, प्रत्यक्ष निर्वाचित कार्यकारी र समानुपातिक संसद । यो सबैभन्दा अर्थहीन, असफल र व्यर्थको विकल्प हो ।

पहिलो कुरा प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्था गरिएमा केवल बाहुनहरूको सयौं वर्ष एकल राज चल्नेछ । दलित, आदिवासी जनजाति, महिला, मधेशी, गैरहिन्दु समुदायको कुरा छाडौं, खस, नेवार समुदायको समेत प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति बन्ने हैसियत छैन । कार्यकारी नभए पनि पूर्ण समानुपातिक संसद हुन्छ भन्ने तर्कमा पनि दम छैन । किनभने प्रत्यक्ष निर्वाचित कार्यकारी रहने व्यवस्थामा व्यक्ति नागरिक (जनता होइन) द्वारा प्रत्यक्ष निर्वाचित भएका हुन्छन् । संसदीय व्यवस्थामा जस्तो संसदमा बहुमत पुर्‍याउनुपर्ने र अन्यथा सरकार ढल्ने भय उसलाई हुँदैन । संसदीय व्यवस्थामा कार्यकारी अर्थात् प्रधानमन्त्री संसदप्रति जिम्मेवार हुने हुँदा निरंकुश हुनबाट रोक्छ । प्रधानमन्त्री गैरजिम्मेवार भए भने संसदद्वारा उनलाई पद मुक्त गरी नयाँ सरकार गठन गर्ने विकल्प बाँकी रहन्छ । त्यसैले प्रत्यक्ष निर्वाचित कार्यकारी रहने र पूर्ण समानुपातिक संसदको औचित्य छैन । बरु संसदीय व्यवस्थामा पूर्ण समानुपातिक संसद जरूरी छ । मधेशी र आदिवासी मूलको दल जसपा, जनजाति र दलित नेतृत्वका केही राजनीतिक समूह समेत प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय व्यवस्थाको पक्षमा देखिन्छन् । उनीहरू आफ्नो समुदाय बहुसंख्यक र बहुमत रहेकाले प्रत्यक्ष निर्वाचित भइने विश्वास राख्छन् । तथापि विगतका निर्वाचनहरूका उनीहरूका समूहले वडास्तरमा समेत विजयी बन्न नसकेका र समानुपातिकमा २० हजार मत कटाउन नसकेको देखिएकै छ । समुदाय, जाति, क्षेत्रको राजनीति गर्ने शक्तिहरूको ध्यान यतातर्फ जानुपर्ने देखिन्छ । कथित वैज्ञानिक समाजवादीहरूको कुरा धेरै नगरौं । उनीहरूको भनाइबाट यस्तो बुझिन्छ, उनीहरूसँग यस्तो बस वा कुनै सवारी साधन छ, जसमा बस्दा बित्तिकै एकै पटक वैज्ञानिक समाजवादी व्यवस्थामा पुगिन्छ ! नेपालमा यो भ्रमजाल अब बिक्दैन, बिकाएर पनि काम छैन ।

अर्को पनि तर्क सुनिन्छ, संसदीय पूँजीवादले महिलालाई दास बनायो रे ! दलितलाई विभेद र छुवाछूतबाट पीडित बनाउने पनि यही पूँजीवाद नै हो । हाम्रा राजनीतिशास्त्रमा स्नातकोत्तर गरेका युवा यही विचारबाट ग्रसित छन् । पूँजीवादले महिलालाई दासबाट मुक्ति दिलाएको छ । आजकल महिलाका नाममा सम्पत्ति राखिन्छ, जागिरे, व्यवसायी महिलाको संख्या बढेको छ । यो पूँजीवादको सफलता हो । हिजोको सती प्रथा पनि दलाल पूँजीवादको कारण हो भन्ने मान्यता राख्छन् हाम्रा क्रान्तिकारी कामरेडहरू । अन्त्यमा, संविधान नमान्ने शक्तिको पनि अधिकार व्यवस्था गरेको छ हाम्रो संविधानले । किनभने यो लोकतान्त्रिक संविधान हो । हो, लोकतन्त्रमा गैरलोकतान्त्रिक शक्तिहरूको हक सुरक्षित राखिएको हुन्छ । उदाहरण हामीसँगै छन् । जस्तै, कथित वैज्ञानिक समाजवादीहरू र पूर्व दरबारिया पश्चगामी शक्तिहरू । दुवै शक्तिबीच मूलत: एक समानता छ, दुवै गैरलोकतान्त्रिक हुन् र यो संविधानको विघटन वा अन्त्य चाहन्छन् । लोकतन्त्रका लागि संविधान बचाऔं ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तबाट सहयोग मिल्नेछ । भूमिबाटपनि लाभलिन सकिनेछ । | **तुला** : मित्रबाट विशेष सहयोग मिल्नेछ । धनार्जनका स्रोतहरु पत्ता लाग्नेछन् । |
| **वृष** : वैदेशिक क्षेत्रबाट सफलता मिल्ने छ । अवसरले मन प्रसन्न रहनेछ । | **वृश्चिक** : कतै घुम्न जाने योजना बन्न सक्छ । कार्य सम्पादन हुनेछ । |
| **मिथुन** : धार्मिक महत्वको क्षेत्रमा भ्रमण हुनसक्छ । कान्ति र शान्ति छाउनेछ । | **धनु** : दौडधूप गर्नु परेपनि लाभ नै हुने छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कर्कट** : काम वा रोजगारको अवसर मिल्नेछ । मन कमजोर रहन सक्छ । | **मकर** : मनमा दुविधा उत्पन्न हनेछ । धार्मिक कार्यमा मन चैं लाग्नेछ । |
| **सिंह** : आकस्मिक लाभ प्राप्त हुने छ । प्रतिस्पर्धामा विजयी भइनेछ । | **कुम्भ** : आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । |
| **कन्या** : दैनिक व्यवहारमा खर्च बढ्छ । सुन्दर पहिरनले निखारता ल्याउनेछ । | **मीन** : विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । |

# साहित्य दर्पण

क्लासिक कथा — प्रेमा शाह

# चट्टान वरपर

गुम्स्याइभित्रै स्वर फुट्छ । आतङ्क । भित्रको अस्तव्यस्त ऊ पहिल्याउन सके-सकेजस्तो हुन थाल्छ । त्याग्छ एउटा विकटता । नि:सन्देह नै यो उसको सधैंको सुरुआत हो जो विस्तार पाउँदैन । अलमल्याइ त्यसमा ऊ अभ्यस्त छ । यसो भएर पनि लाग्छ, कता-कता एउटा विकटता ऊसित सधैं टाँसिएको छ । बस दगुरी नै राख्छ । बीच-बीचका कतिका स्टपहरूमा पनि ऊ ओर्लने हेक्का लिँदैन, बसभित्र धेरै मान्छेहरू ऊसितै दगुरिरहन्छन् । मान्छे सबै निरुद्देश्य नै रहेछन् । मान्छे र निरुद्देश्यता एउटा पटाक्षेप अर्को सापेक्षित जिन्दगीको कुराइमा ! लामो कुराइ र आलस्यको हाई यसैको बीच लाग्छ, बस सर्भिसको निरन्तरतासित उसले एकछिन आफ्नो निर्वाहको बहाना पाएको हुन्छ ।

बस, विसङ्गति-सङ्गति अनि ऊ अनुभव गर्छ, सङ्गति एउटा उद्देश्यविहीन स्थितिमा पनि मिल्न सक्छ । ऊ एउटा अवाक् मान्छे । यस्तो मौन स्थितिमा कुनै किसिमको तारतम्य नखोज्नु या कुनै अल्टिमेटमको जोगाड नगर्नु अवश्यै सङ्गति हो । ऊ यस्तोको भुक्तभोगी हो । विकारशून्य तथा प्रतिक्रियाशून्य घडीमा कतिबाट ऊ निकम्मा, बौलाहा हुन पुगेको छ । सधैं-सधैं फ्रिजबाट निकालेको ककटेलको गिलाससित ऊ चिसिइरहन्छ र सायदै त्यसलाई ऊ कहिल्यै हात लगाउँछ । 'हुतीहारा' अनि ऊ टेबुलवरिपरिकाको रिमार्क बन्न पुग्छ । लाग्छ, यो फेरि विस्फोट हो । गुम्स्याइभित्रै ऊ अरू अन्यमनस्क हुन थाल्छ, ऊ त आफैं एउटा शून्य अन्तरिक्ष भइसकेको छ जहाँ परमाणुहरू स्वयम् निकम्मा हुन्छन् ।

छुट र निषेधका साँधहरूमा उसका जिन्दगीका सम्भावना र भवितव्यहरूले आत्महत्या गरिसकेका हुन्छन् । आत्महत्याको स्तब्ध क्षणसित उसले सहजता ग्रहण गरेको हुन्छ । ग्रहणको विस्तारमा ऊ रातदिन यस्तै अन्त्यहीन हिँडाइ हिँड्छ जो सम्पूर्णत: उद्देश्यहीन नै हुन्छ । उसका हिँडाइका बाटाहरू, पाइलाहरू र ऊ स्वयम् गुज्रेका भीडहरू विकटतासित सन्धि गरिदिन्छन् । बरफका चपरी-चपरीमा एस्किमोका ढ्याब्रे पाइतालासित जमेको ऊ अर्को पाइताला मरुभूमिको ऊ अर्को तडप । स्लेजका जंगली कुकुरहरूलाई ऊ खुकुलो गरिदिन्छ । उँटहरूलाई ऊ कस्छ, हिँडाइलाई दुर्गमता र सुगमतासित ऊ नाप्दैन । वसन्ती आकाशमुनि ऊ पुग्छ । एउटा अग्लो फिरोजी चट्टानमा ऊ उक्लेको हुन्छ । करोडौं जीवाणुहरू यसै चट्टानमा रेखा कोर्दै घिस्रेका हुन्छन् – ऊ अर्को रेखा । स्लेजका जंगली कुकुर र मरुभूमिका ऊँटहरू बेतोड दगुर्छन्, कसिन्छन् । वसन्ती र फिरोजी रङमा डुबेर ऊ बेग्लै एब्स्ट्र्याक्ट रङको अपेक्षा गर्छ । स्लेजका कुकुर र उँटहरू आदिम इतिहासलाई अन्धाधुन्ध दगुराउँदै लैजान्छन् । चट्टानका ताजा रेखाहरू फेरि-फेरि फोसिल बन्ने उपक्रम लिन्छन् । नेपथ्यमा पस्रेको उसको अँजुली भरिँदैन । रङहरूको एब्सटर्याक्ट मिश्रण र उसले भोगेको अधकल्चो र अधमरो संस्कृति– युगौं लामो विश्वासपछि पनि ऊ त्यताबाट लावारिस बन्न पुग्छ । स्खलित आस्था र भीषण रङरूपमा ऊ फिरोजी भएर फोसिल र चट्टानहरूबाट सर्छ । सधैंको केही न केही उपक्रम उसको



***सधैं–सधैं फ्रिजबाट निकालेको ककटेलको गिलाससित ऊ चिसिइरहन्छ र सायदै त्यसलाई ऊ कहिल्यै हात लगाउँछ । 'हुतीहारा' अनि ऊ टेबुल वरिपरीकाको रिमार्क बन्न पुग्छ । लाग्छ, यो फेरि विस्फोट हो । गुम्स्याइभित्रै ऊ अरू अन्यमनस्क हुन थाल्छ, ऊ त आफैं एउटा शून्य अन्तरिक्ष भइसकेको छ जहाँ परमाणुहरू स्वयम् निकम्मा हुन्छन् । छुट र निषेधका साँधहरूमा उसका जिन्दगीका सम्भावना र भवितव्यहरूले आत्महत्या गरिसकेका हुन्छन् । आत्महत्याको स्तब्ध क्षणसित उसले सहजता ग्रहण गरेको हुन्छ । ग्रहणको विस्तारमा ऊ रातदिन यस्तै अन्त्यहीन हिंडाइ हिंड्छ जो सम्पूर्णत: उद्देश्यहीन नै हुन्छ ।***

एक प्रकारको यस्तै सुरुआत हुन्छ । सुरुआत– मान्छेको एउटा मौकाले फाँसी पाएको सुरुआत र सानो मोजाभित्र निसास्सिँदा पलायन स्वीकृतिको मृत्युदण्डको विकट सुरुआत जसमा उसले आफ्नो वर्गको इतिहासलाई अभ्यस्त बनाएको छ । स्लेजका कुकुर र मरुभूमिका उँटहरूलाई लिएर ऊ टेबुलसम्म पुग्छ । रङ्गिन साँझ । कतै-कतै ऊसित बाँकी भएका सहजताका केही शृङ्खलाहरू पनि टुट्दै गएजस्ता हुन्छन् । विशाल टेबुलसामुन्ने ऊ झन् मूर्ख र अवाक् देखिन्छ । सतर्क हुने क्षण पनि ऊ खोज्दैन । एउटा अपूर्व कुरा यसैबीच हुन्छ । सायद ऊ कुनै चुम्बकीय तत्त्व हो र वरिपरिका मूकताहरू ऊसित आएर मिल्छन् । ऊ अनुभव गर्छ, यी रिमार्क दिनेहरूलाई एस्किमोका ढ्याङ्गे पाइताला र फिरोजी चट्टानप्रति स्वीकृति छ । फोसिल र रेखाहरूमा विग्रह देखिँदैन । यो विग्रहशून्यता ऊ अड्न सक्ने आदिम प्रवृत्ति हो, तथापि एक ठाउँमा ऊ सङ्गतिको नयाँ जोगाड गर्छ । इतिहासको आयतनसित ऊ बाँच्दैन । ऊ घमन्डी मान्छे । अनेकौं बाट एउटा एउटा आयतन थपिएको इतिहास । त्यसमा अर्को आयतन टालेर एउटा चिरको झुत्रोलाई जस्तै उसले त्यसलाई नाङ्गो आकाश-लिङ्गमा बेरिदिएको छ ।

को मान्छे त्यति फोहोरी, अश्लील र नपुंसक हुन्छ ? तर सामर्थ्य र श्लीलताको हत्या गर्न ऊ बाध्य हुन्छ । नभन्दै जोगाड र सुरुआतमा कति चोटि ऊ आफूसित अपराधी घोषित भइसकेको छ, तर पनि ऊ यस अर्थमा अहङ्कारी हो कि स्लेजका जंगली कुकुरहरूलाई ऊ अन्धाधुन्ध हाँक्न सक्छ । फिरोजी चट्टानदेखि वसन्ती आकाशको बीचसम्मको एब्स्टर्याक्ट रङविधानलाई ऊ भुल्न सक्दैन । उसको टेबुलमाथि ककटेलका आत्महत्याहरू थुप्रन्छन् । फ्रिजभित्रका ती लाससित संशयका अझ केही रातहरू कठ्याङ्ग्रिएरै बितेका हुन्छन् । ऊ पनि बित्छ रातहरूसित र आफ्ना बेनामी अस्तित्वका भुरभुराउँदा राँकाहरूसित । एक रात फ्रिजको ठिहिर्याइमा एउटा सिङ्गो भूभाग करोडौं मान्छेको एउटा सिङ्गो मुठो र तिनका एकाइहरू अनि स्वयम् ऊ मानवीय रूढिदेखि छुट्टिन्छन् । असम्बद्धताले सम्पूर्ण उसलाई एकातिर ओगट्छ । असम्बद्धता- एउटा आत्महत्याको खण्ड । असम्बद्धता- एउटा सहज निर्वाहको स्थिति । पिलपिलाउँदो मानवीयता- एउटा नाइटनेरजत्तिकै त्यसप्रति ऊ सम्भ्रम हुन्छ । असम्बद्धता, मृत्युखण्ड र निर्वाहका प्रत्येक एकाइमा ऊ छरिन्छ । स्लेजका जङ्गली कुकुरहरूलाई ऊ हाँक्दै लान्छ फिरोजी चट्टान र एस्किमोका पाइलादेखि माथि वसन्ती आकाशतिर । फ्रिज र ककटेलका लासले मृत्युबोध र सीमा निश्चित गर्छ– जीवन अर्को नयाँ सेटिङ । एब्स्ट्र्याक्ट रङका अतिरेक अब्सेसनहरूमा ऊ आत्मरत हुन्छ । सङ्गति टुट्नु । अब ऊ विकटता नजिकै हुन्छ । उसको सहजता केवल अब्सेसज र आत्मरति । एउटा मोडमा ऊ झट्का खान्छ । बसमा ऊ एक्लै पर्छ र ओर्लेकाहरूको चिपचिपे हाईसित अभ्यस्त हुन थाल्छ । उसलाई साँच्चै कतै पनि त ओर्लनु छैन । बसभित्रको चिपचिपे हाई र काखीको दुर्गन्धमा एउटा नाइटनेर अझै खप्न यो सक्छ । फिरोजी चट्टानदेखि पर यतीका पाइतालाहरू ऊ अझै नाप्न सक्छ । मोड्न सक्छ । ऊ फेरि बाह्रसिङेहरूलाई बटुल्छ । अनकन्टारतिर हाँक्छ ।

***-साहित्य पोष्ट डटकम***

व्यक्तित्व — प्रा.डा. शर्वराज आचार्य

# भानुजीवन चरित्रदेखि भानुजीवन वृत्तसम्म

नेपाली भाषाका आदिकवि भानुभक्त आचार्यका बारेमा धेरै लेखकहरूले कलम चलाएका छन् । नेपालीभाषी समाज रामायण, महाभारत र काव्य साहित्यका आदर्शबाट अनुप्राणित रहिन्जेल उनका कविता र जीवनका विभिन्न पक्षलाई लिएर युग युगमा कलम चलाउनेहरू निस्किरहने छन् । अहिलेसम्म पनि भानुभक्तमाथि धेरै कलम चलेका छन् । पहिलोपल्ट मोतीराम भट्टको कलमले भानुभक्तलाई आदिकविको सम्मान दिएपछि उनीमाथि क्रमश: कलम चल्न थालेका हुन् ।

उनको कलमबाट 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' भन्ने कृति निस्कियो । उनले भानु जीवनीमा पुग र नपुग कुरा जसले देला पछि थपेर छापुँला भनी लेखेका थिए । अल्पायुका कारण पुग नपुगमाथि पुनर्विचार हुन सकेन । धेरैपछि भानुभक्तका बारेमा थोरैले जीवनी र धेरैले जीवनीपरक लेख लेखे । शम्भु प्रसाद ढुङ्गयालले वि.सं.१९६९ मा 'श्री आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र' भन्ने कृति लेखे । वि.सं. १९९८ मा विष्णुमायाको भानुभक्त मणिमालाभित्र रनाथ शर्माको जीवनीपरक लेख लेखियो । यसबाहेक यहाँ अन्य जीवनीपरक लेखको चर्चा गरिएको छैन । रङ्गनाथ आचार्यले 'कवि सम्राट भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' (२०१८), मुक्तिनाथ आचार्यले 'आदिकवि भानुभक्त आचार्य' (२०४२), व्रतराज आचार्यले 'आदिकवि भानुभक्त' (२०५८) भन्ने जीवनी लेखेका छन् । सबभन्दा पछि जीवनी लेखनकै सन्दर्भमा नरेन्द्र राज प्रसाईको भानुभक्त आचार्यको जीवनवृत्त' (२०७१) भन्ने विश्लेषणात्मक कृति आएको छ । उल्लिखित जीवनीपरक लेखबाहेक भानुभक्त आचार्यका ६ वटा जीवनी प्रकाशित भएका देखिन्छन् । प्रकाशित जीवनी कसरी लेखिए भनी सामान्य टिप्पणी गर्दै अन्त्यमा निष्कर्ष दिनु यस लेखको अभीष्ट रहेको छ । नेपाली भाषा साहित्यमा भानुभक्त र मोतीराम एक सिक्काका दुई पाटा जस्ता छन् । भानुभक्तरूपी सिक्काको एक पाटामा मोतीराम टाँसिन पुगेका छन् । जसरी रामायणका जम्बवान्ले हनुमान्भित्रको सामर्थ्य सबैसामु व्यक्त गरे, त्यसरी नै मोतीरामले नेपाली सामु भानुरूपी शुक्र ताराको सामर्थ्य बताए । भानुभक्तका कान्छा बाबु इन्द्रविलासका नाति चतुर्भुजका जेठा छोरा रामदत्त आचार्यको सहयोगबाट मोतीरामले नेपालीलाई भानुभक्तको कवित्व सामर्थ्य चिनाएका हुन् । जीवनीहरु अध्ययन गर्दा डिल्ली बजारका आफ्ना दिदीहरू, कर्णेल शिव शङ्कर घिमिरे, सुब्बा धर्मदत्त ज्ञवाली, खरिदार विश्वनाथ आचार्य र हरि प्रसाद उपाध्याय ढुङ्गेलसँग कान्तिपुरमा भानुभक्तको नाता र चिनजान भएको देखिन्छ । भानुभक्तको पक्का हाल बुझ्न यिनीहरुको घर समक्ष मोतीराम पुगेको हुनुपर्छ । किनभने कान्तिपुरमा भानुभक्तबारे थाहा भएका मानिससँग मोतीरामले आफू तीन वर्षसम्म सोद्धै हिडेको बताएका छन् । यो मोतीरामेली भानुभक्तीय खोज मौखिक कथन र भानुकृति पठनमा आधारित थियो । भानुभक्त मृत्यु भएको २२ वर्षपछि मोतीरामले काठमाडौंमा नै चुँदीरम्घाका रामदत्त आचार्यसँग भेटघाट गरेको देखिन्छ । रामदत्त नै उनका मौखिक कथनका मूल स्रोत हुन् । भानुभक्तको देहावसान हुँदा सायद रामदत्त बालक थिए । उनी भानुभक्तको बैंसीको घरका आगोपानीका छिमेकी पनि हुन् । त्यसकारण उनले छिमेकी रमानाथ आचार्य र भानुभक्त कालीन आफ्ना बाबु, काकाहरुसँग सोधेर वि.सं.१९४५–१९४८ सम्ममा मौखिक भानु जीवनी मोतीरामलाई दिएको हुनुपर्छ । भट्टले थप सोधखोज गरी यस मौखिक अभिव्यक्तिलाई पूर्णता दिए । त्यो जीवनी मोतीरामले कविपुत्र रमानाथलाई दिएका थिए र प्रशंसा समेत पाएको उल्लेख भेटिन्छ । भानुभक्तको जीवनी लेख्ने दोस्रो व्यक्ति हुन्, शम्भु प्रसाद ढुङ्गयाल । यिनले 'श्री आदिकवि भानुभक्त आचार्यको जीवन चरित्र' लेखेका छन् । जीवनी पढ्दा काठमाडौंका मानिसबाट भानुभक्त सम्बन्धी केही कथन सुनेको बुझिन्छ, जीवनीमा भानुका थप कविता पनि छन् । तर कतिपय कविता क्षेपक जस्ता छन् । समग्रमा यो जीवनी मोतीरामले सुनाइ स्रोतबाट लेखेको जीवनीमा आधारित छ । यसको लेखन वि.सं.१९६९ मा भएको हो । त्यसैले भानुभक्तको देहावसान भएको ३४ वर्षपछि लेखिएको देखिन्छ । भानुभक्तको जीवनीपरक लेखका रूपमा वि.सं. १९९८ तिर विष्णुमायाद्वारा प्रकाशित भानुभक्त मणिमालाको भूमिकामा मोतीराम र शम्भुप्रसादबाट नलेखिएका, जन्म, जन्मको नाम र शिक्षाका अनुद्घाटित प्रसङ्गहरू छन् । मणिमालाको पुछारतिर भानुभक्तको जन्मकुण्डली र कुण्डली सम्बन्धी कविता पनि रहेको छ । कुण्डली र कवितामा मोतीरामले उल्लेख गरेको भानु जन्मवर्ष वि.सं. १८६९ माथि विनाटिप्पणी वि.सं.१८७१ आषाढ २९ गते उल्लेख छ । अहिले नेपाल सरकार र सामाजिक संस्थाहरूले यही विष्णुमायाद्वारा प्रकाशित संवत्लाई औपचारिकता दिएका छन् । परिचय शीर्षकको यस जीवनीपरक लेखसँग पछिल्ला लेखक र जीवनीकार प्रभावित देखिन्छन् । भानुभक्तको देहावसान भएको ७३ वर्षपछि विष्णुमायाबाट प्रकाशित र रङ्गनाथबाट लेखिएको परिचय लेख पनि त्यसमा उल्लेख गरिए अनुसार अनुश्रुति वा मौखिक कथनमा आधारित छ । भानुभक्तको तेस्रो जीवनी लेख्ने व्यक्ति नरनाथ आचार्य देखिन्छन् । उनले वि.सं. २०१८ मा 'कवि सम्राट् भानुभक्त आचार्यको जीवन चरित्र' लेखे । यो कृति दोस्रोपल्ट वि.सं.२०३६ मा 'आदिकवि भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' संशोधित शीर्षक बनेर प्रकाशित भएको छ । प्रथम संस्करणको भूमिकामा नरनाथ आचार्यले पनि भानुभक्त परलोक भएको ९१ वर्षपछि गाउँकै मौखिक कथनलाई आधार बनाई लेखेको बताएका छन् । आचार्यले मोतीरामले सुनेर लेखेको जीवनीलाई ग्रामीण जनबाट सुनेका किम्वदन्ती र कल्पनाका कुरा भनेका छन् तर आफूले भानुभक्तका बारेमा गाउँकै मानिसबाट सुनेका कुरालाई कपोलकल्पित र किम्बदन्ती ठानेका छैनन् । वि.सं.१९३८ मा जन्मेर १९९६ मा देहावसान हुने गाउँका चार पुस्ते दाजु यज्ञनिधिलाई नरनाथ आचार्यले आफ्नो सुनाइको स्रोत बनाएका छन् । यस बाहेक गाउँका बुढापाकाका भनाइ पनि नरनाथका स्रोत हुन् । त्यस कारण आचार्यको 'कवि सम्राट् भानुभक्त आचार्यको सच्चा जीवन चरित्र' पनि मौखिक कथन र श्रवणमा आधारित छ । वि.सं. २०४२ मा 'आदिकवि भानुभक्त आचार्य' भन्ने चौथो जीवनी लेख्ने व्यक्ति हुन्, आदिकवि भानुभक्तकै पनाति देवीभक्तका छोरा मुक्तिनाथ आचार्य । मुक्तिनाथले घरकै मौखिक कथन परम्परालाई आधार बनाई जीवनी लेखेको भनेका छन् । रमानाथका कान्छा छोरा तथा मुक्तिनाथका कान्छा बाबु शिवभक्त आचार्यले बेंसी र गाउँको घरका छिमेकी र भानुभक्त आचार्यका माहिला बाबुपट्टिका दाजु नाता पर्ने जानकीदत्तसँग अक्षर चिनारी गरेका थिए र रुद्रचण्डी पनि पढेका थिए । पढ्दा शिवभक्त आचार्यले यी दाजुसँग भानुभक्तीय धेरै घटना सुनेका थिए । यसरी सुनेका कुरा यिनले मुक्तिनाथलाई सुनाएका थिए । यसबाहेक मुक्तिनाथले रमानाथकी पत्नी हजुर आमा र बाबु देवीभक्तलाई सुनाइ स्रोत बनाएको देखिन्छ । त्यसैले उनले लेखेको भानु जीवनी घरेलु श्रवण परम्परा र पूर्वप्रकाशित भानु जीवनीबाट अनुगृहित छ । मुक्तिनाथलाई मोतीराम, विष्णुमाया र नरनाथले लेखेका श्रुतिस्रोतमा आधारित भानु जीवनी पनि पढ्ने अवसर मिल्यो । भानुभक्तको देहावसान भएको ११७ वर्षपछि उनले सुनाइ स्रोतमा आधारित भानु जीवनी लेखे । व्रतराज आचार्यले वि.सं. २०५८ तिर 'आदिकवि भानुभक्त' भन्ने कृति पाँचौं जीवनी लेखेका छन् । यो दोस्रो संस्करणका रूपमा पनि वि.सं. २०७० तिर बजारमा देखियो । यस कृतिले विगतका मोतीरामदेखि मुक्तिनाथ आचार्यसम्मका श्रुति परम्पराका भानु जीवनीभन्दा भिन्न बाटोमा हिँडेको छ । यो कृति भानुभक्तका जीवनीको टिप्पणी र कविताको सम्परीक्षणका रूपमा आएको छ । अर्थात् कृतिले श्रुति श्रवणभन्दा टिप्पणी र सम्परीक्षणतर्फ झुकाउ राखेको छ । यसर्थ 'आदिकवि भानुभक्त' पढ्दा आचार्यका थुप्रै टिप्पणी भेटिन्छन् । नरेन्द्र राज प्रसाईले वि.सं. २०७१ तिर लेखेको 'भानुभक्त आचार्यको जीवनवृत्त' भानुभक्त आचार्यको छैटौं जीवनी हो । प्रसाई पूर्वजीवनीकार झैं मौखिक कथन र श्रवण परम्परातर्फ नलागी लेखिएका जीवनीहरुको ऊहापोह र विश्लेषणतिर लागे । किनभने प्रसाईले भानु जीवन घटनाका विश्लेषणको आधार मोतीराम लिखित 'कवि भानुभक्ताचार्यको जीवन चरित्र' र शर्वराज आचार्य लिखित 'भानुभक्तीय खो' (२०६९) जस्ता प्रकाशनलाई बनाएका छन् । पूर्वजीवनीकारले श्रुतिमा आधारित भई लेखेका जन्म सन्दर्भ, घाँसी, जागिर, कुमारी चोक र जन्म कुण्डली सम्बन्धी प्रसङ्गलाई प्रसाईले विश्लेषण गरे । भानुभक्तीय समयमा उनलाई नै देखेर भोगेर कसैले जीवनी लेखेन । सबै भानु जीवनी एक कान दुई कान हुँदै लेखिएका छन् । यस्तो अवस्थामा मोतीराम समक्ष राखिएको चुँदीरम्घाली श्रुति अवशेष (रामदत्तको कथन) लाई टेकेर भानु जीवन वृत्तले वस्तुनिष्ठता खोजेको छ ।

भानु जीवनी लेख्ने भानुवंशका आचार्यका भन्दा मोतीराम भट्टको भनाइ नरेन्द्रराज प्रसाईले बढी आधिकारिक ठानेका छन् । प्रसाई मोतीरामेली सोधखोजमा नलागी कृतिगत अध्ययन विश्लेषणबाट भानु जीवनवृत्तलाई वस्तुनिष्ठता दिन खोज्छन् । निष्कर्षमा भन्नु पर्दा मोतीरामदेखि मुक्तिनाथ आचार्यसम्मका जीवनीकारहरुले श्रुति परम्पराका आधारमा भानुभक्तको जीवनी लेखे । श्रुति परम्परामा तिथिमितिहरु तलमाथि पर्छन् भन्ने कुरा जीवनी लेखहरुमा देखिन्छ । तर जीवनमा घटित घटना भने अतिरञ्जित हुन सक्छन्, प्राय: असत्य हुन सक्दैनन् । सर्वप्रथम मोतीरामले भानुभक्तको जीवनी नलेखेको भए, भानुभक्तका जीवन घटनाहरु न्यून श्रुतिशेष हुने थिए । त्यसमा विष्णुमायाले थपथाप नगरेको भए भानुभक्तको प्रारम्भिक शिक्षा कम उद्घाटित हुने थियो । त्यसपछि नरनाथ आचार्य र मुक्तिनाथ आचार्यले श्रुतिशेषलाई नजोडेको भए भानुभक्त झन् कम उद्घाटित हुने थिए । त्यस कारण सबै जीवनीकारहरु मोतीराम र विष्णुमायाद्वारा निर्देशित छन् । कुनै जीवनीकार आफ्नो श्रुति प्रसङ्गलाई प्रामाणिक बनाउन मोतीराम र विष्णुमायालाई आक्षेप लागाउन चुकेका छैनन् । भानु जीवनी लेख्ने आचार्यहरु विश्लेषणात्मक दृष्टिकोणले हेर्ने नरेन्द्रराज प्रसाईको कलमबाट ठाउँ ठाउँमा आलोचित पनि छन् । किनभने बहुश्रुति परम्पराबाट लेखिएका जीवनीहरुमा मतैक्य हुन धेरै कठिन हुन्छ । तर भट्टबाट सुरु गरिएको आधार नभत्काईकन सोधखोजको परम्परालाई अगाडि बढाउन सके मतैक्य र वस्तुनिष्ठताको निकट पुग्न सकिन्थ्यो कि ? ***-समकालीन साहित्य डटकम***

# पाल्पाली श्रष्टाको 'परदेशी २' प्रदर्शनमा




**पाल्पा,** असोज २६/पाल्पाली श्रष्टा, अग्रज लोक गायक, संगीतकार एवं चलचित्र निर्देशक नारायण रायमाझीद्वारा निर्देशित चलचित्र 'परदेशी २' शुक्रबारदेखि देशभरका हलमा प्रदर्शनमा आएको छ । देश तथा विदेशका विभिन्न ठाउँसँगै पाल्पामा समेत खिचिएको चलचित्र तानसेनको सन्तोष चलचित्र मन्दिर सहित देशभरका हलमा प्रदर्शनमा आएको हो ।

यसअघि 'गोर्खा पल्टन' र 'परदेशी' जस्ता सुपरहिट चलचित्र दर्शक माझ ल्याइसेको निर्देशक रायमाझीको तेस्रो चलचित्र 'परदेशी २' वडादशैंको अवसर पारेर देशभरका हलमा एकसाथ प्रदर्शनमा आएको छ । पाल्पाको माथागढी गाउँपालिकाको झडेवा, देवगीर, कसेनी, सराई लगायतका स्थानमा यो चलचित्रको छायाँकन गरिएको थियो । चलचित्र छायाँकनका क्रममा निर्देशक रायमाझीसहित अभिनेता प्रकाश सपूत, दीलिप रायमाझी, प्रशान्त तामाङ, अभिनेत्री केकी अधिकारी लगायतका कलाकारहरु पाल्पा आएका थिए । पाल्पाको झडेवामा जन्मिएका निर्देशक रायमाझीले आफ्ना यसअघिका दुई चलचित्र पनि पाल्पामा छायाँकन गरेका थिए । ति दुवै चलचित्र देशभरसँगै तानसेनको सन्तोष चलचित्र मन्दिरमा पनि लामो समय प्रदर्शन भएका थिए । 'परदेशी २' पनि देशभरसँगै तानसेनमा समेत लामो समय चल्ने विश्वास निर्देशक रायमाझीले लिएका छन् । दर्शकहरुको रुचिलाई ध्यानमा राखेर सन्तोष चलचित्र मन्दिरमा यो चलचित्र दैनिक ३ शो प्रदर्शन हुने हलले जनाएको छ । बिहान ११:१५ बजे, दिउँसो २:१५ बजे र बेलुका ५:१५ बजे चलचित्र प्रदर्शन भइरहने हलका सञ्चालक सर्जुमान लिगलले जानकारी दिए । युवा पुस्तामा रहेको विदेश मोह र त्यसले घरपरिवारमा पारेको प्रभावको कथामा 'परदेशी २' बनेको हो । नारायण रायमाझी र राजेश वंशल मिलेर चलचित्रको निर्माण गरेका हुन् । यो चलचित्रमा केही पाल्पाली कलाकारहरु समेत देखिएका छन् । चलचित्र प्रदर्शनको समयमा पाल्पाली दर्शकलाई भेटन तानसेन आउने योजना समेत निर्देशक रायमाझीले बनाएका छन् । गायनमा निकै रुचाइएका प्रकाश सपूतको पहिलो चलचित्र भएका कारण 'परदेशी २' लाई निकै चासोका साथ हेरिएको छ । त्यसमाथि सफल चलचित्रको दोस्रो श्रृङ्खला, हिट चलचित्र दिएका निर्देशक, चलेका कलाकारहरुको अभिनय रहेका कारण 'परदेशी २' सुपरहिट हुने विश्वास लिइएको छ । चलचित्रको अग्रिम टिकट बिक्री समेत भइरहेको छ । मल्टिप्लेक्स हलहरूले मंगलबारदेखि नै चलचित्रको बुकिङ खुलाएका थिए । बाँकी हलहरूले बुधबारबाट बुकिङ खुला गरेका हुन् । हलको प्रारम्भिक शोज संख्या हेर्दा राम्रो शोजका साथ चलचित्रले प्रदर्शन आरम्भ गर्ने देखिएको छ । यसको हाइप र ब्राण्डको कारणले पनि चलचित्र प्रतिक्षित छ ।

# आजदेखि पितृ विसर्जन गरिँदै




**पाल्पा,** असोज २६/असोज कृष्णपक्षको अन्तिम दिन आज आफ्ना दिवंगत आफन्तलाई तर्पण दिएर पितृपक्ष विसर्जन गरिँदैछ । बडादशैं पर्व सुरु हुनुअघि पितृ (दिवंगत आफन्त)लाई तर्पण दिँदै असोज कृष्णपक्षभरिको पितृपक्ष आज विसर्जन गर्न लागिएको हो ।

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि शुरु भएको पितृ पक्ष अपराह्नकालमा दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरी समापन गर्ने गरिन्छ । आश्विन कृष्ण प्रतिपदादेखि शुरु हुने पितृ पक्ष आश्विन कृष्ण आमावास्याका दिन दिवंगत पितृका नाममा तर्पण, सिदादान र पिण्डदान गरी आज समापन गर्न लागिएको हो । पितृपक्षमा तीर्थस्थलमा तर्पण र पिण्डदान गरे पितृ तृप्त हुन्छन् भन्ने जनविश्वास छ । कुनै कारणवश यो पक्षका अरु तिथिमा गर्नुपर्ने श्राद्ध रोकिएको भए आज गर्नुपर्छ भन्ने शास्त्रीय मत छ । दसैं, तिहार र छठजस्ता महान् चाडवाडअघि पितृलाई तृप्त गर्न एउटा पक्षभरि नै तर्पण र पिण्डदान गरेर श्राद्ध गर्ने परम्परा चलेको हिन्दू परम्पराको कर्मकाण्डका ज्ञाता बताउँछन् । वर्षका अन्य बेला गरिने शुभकार्य (विवाह, व्रतबन्ध, यज्ञयज्ञादि) अघि नान्यमुखी श्राद्ध गरेर कार्य निर्विघ्न सम्पन्न होस् भन्ने गरिने कामना जस्तै दशैं, तिहार र छठपर्वको मुखमा पितृहरुलाई तृप्त गर्न एकपक्ष नै छुट्याइएको हुनसक्ने पण्डितहरु बताउँछन् । हिन्दू परम्परामा पितृपक्षभरि पितृहरु स्वर्गलोकबाट विचरण गर्न मर्त्यलोक (पृथ्वी) झर्ने भएकाले आफ्ना सन्तानले यसपक्षमा दिने तर्पण र पिण्ड तत्काल ग्रहण गर्ने विश्वास गरिन्छ । पितृपक्ष विसर्जनसँगै अब बडादशैं पर्वको चहलपहल सुरु भएको छ ।

# पाल्पा जिल्ला बास्केटबल संघ गठन, अध्यक्षमा उदय




**पाल्पा,** असोज २६/पाल्पा जिल्ला बास्केटबल संघ गठन भएको छ । 'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रको लागि खेलकूद' भन्ने नाराका साथ शुक्रबार तानसेनमा बसेको प्रथम भेलाले बास्केटबल संघ गठन गरेको हो ।

योगेश उदयको अध्यक्षतामा संघ गठन भएको छ । जसको उपाध्यक्षमा सुरज मलेकु, सचिव अनित श्रेष्ठ, कोषाध्यक्षमा डा.उदिप महर्जन चयन भएका छन् । यस्तै सदस्यहरुमा रोदित शाक्य, गोकुल आचार्य, मौसम राना, अखण्ड बैजु र सुजन शाक्य रहेको संघले जनाएको छ । भेलामा जिल्ला खेलकूद विकास समिति पाल्पाका कार्यवाहक अध्यक्ष दीपक घिमिरेले खेलकूदको विकासमा बास्केटबल संघले महत्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे । उनले नवनिर्वाचित पदाधिकारीहरुलाई बधाई तथा शुभकामना दिदैं संघलाई सशक्त र खेलमैत्री बनाएर लैजान समेत आग्रह गरे ।

## खेलकुद समाचार

# विश्वकप छनोट फुटबलमा अर्जेन्टिना विजयी



**काठमाडौं,** असोज २६/विश्वकप छनोट फुटबल प्रतियोगिताको आफ्नो पछिल्लो खेलमा अर्जेन्टिनाले जित हात पारेको छ । दक्षिण अमेरिकी क्षेत्रको छनोट प्रतियोगितामा अर्जेन्टिना अपराजित छ । अर्जेन्टिनाले शुक्रबार विहान सम्पन्न खेलमा पाराग्वेमाथि १-० गोलको प्रतिस्पर्धात्मक जित हासिल गऱ्यो ।

अर्जेन्टिनाले खेलको प्रारम्भमै निर्णायक गोल गरेको थियो । खेल सुरु भएको तेस्रो मिनेटमै अर्जेन्टिनाका लागि निकोलस ओटामेन्डीले गोल गरेका थिए । त्यसपछि खेलमा दुबै टोलीले थप गोल गर्न सकेनन् । खेलको प्रारम्भमा स्टार खेलाडी लियोनल मेसी मैदानमा थिएनन् । तर, दोस्रो हाफमा भने उनी परिवर्तित खेलाडीका रुपमा मैदानभित्र प्रवेश गरेका थिए । ४६औं मिनेटमा मैदानमा प्रवेश गरेका मेसीले गरेको दुईवटा सशक्त प्रहार पोष्टमा ठोक्किएको थियो । अमेरिकी क्लब इन्टर मियामीबाट व्यवसायीक फुटबल खेल्ने ३६ वर्षीय मेसी पछिल्लो केही समययता घाइते छन् । अर्को खेलमा कोलम्बियाले उरुग्वेलाई २–२ गोलको बराबरीमा रोक्यो । ईक्वेडरले भने बोलिभियालाई २–१ गोलले पराजित गऱ्यो । चिलीले पेरुलाई २–० गोलले पाखा लगायो । दक्षिण अमेरिकी क्षेत्रको अर्को प्रभावशाली राष्ट्र ब्राजिल भने बराबरीमा रोकियो । ब्राजिललाई भेनेजुएलाले १–१ गोलको बराबरीमा रोकेको हो । सुरुमा लिएको अग्रता जोगाउन नसक्दा ब्राजिलले भेनेजुएलासँग अंक बाँड्नु परेको थियो । पहिलो हाफ गोलरहित बराबरीमा सकिएको उक्त खेलको ५०औं मिनेटमा ब्राजिलका लागि ग्याब्रियलले पहिलो गोल गरेका थिए । तर, ब्राजिलको त्यो अग्रतालाई जोगाउन सकेन । निर्धारित समयको खेल सकिनुभन्दा पाँच मिनेटअघि भेनेजुएलाले जवाफी गोल गरेको थियो । एडुआर्डो बेल्लोले जवाफी गोल गर्दै भेनेजुएलालाई सम्भावित हारबाट जोगाएका थिए । विश्वकपको दक्षिण अमेरिकी क्षेत्रको छनोट तालिकामा तीन खेलबाट नौ अंक बटुल्दै अर्जेन्टिना पहिलो स्थानमा आसिन छ । अर्जेन्टिना फिफा विश्वकपको विजेता टोली पनि हो । मेसीको कप्तानीमा अर्जेन्टिनाले कतार विश्वकपको उपाधि जितेको थियो । तीन खेलबाट सात अंक बटुलेको ब्राजिल तालिकाको दोस्रो स्थानमा छ । ब्राजिल सबैभन्दा बढी विश्वकपको उपाधि जित्ने राष्ट्र हो । तीन खेलबाट पाँच अंक जोडेको कोलम्बिया तालिकाको तेस्रो स्थानमा छ । तीन खेलबाट चार अंक बटुलेको उरुग्वे चौथो स्थानमा छ । यसैगरी चार अंकसहित चिली पाँचौं र समान अंक बटुलेको भेनेजुएला छैठौं स्थानमा आसिन छन् । तीन अंकसहित इक्वेडर सातौं र एक अंकसहित पाराग्वे आठौं स्थानमा छन् । समान एक अंक जोडेको पेरु नवौं स्थानमा छ । दशौं स्थानमा आसिन बोलिभियाले भने अंक जोड्न सकेको छैन ।

# काँग्रेस पाल्पाले गऱ्यो शुभकामना आदान–प्रदान



**पाल्पा,** असोज २६/नेपाली काँग्रेसस पाल्पाले नेपाल संवत्, विजया दशमी, दिपावली तथा छठ पर्वको अवसरमा शुभकामना आदान-प्रदानसँगै चियापान कार्यक्रम गरेको छ ।

काँग्रेसले शुक्रबार तानसेनस्थित बाल मन्दिरमा एक कार्यक्रमका बिच शुभकामना आदान-प्रदानसँगै चियापान कार्यक्रम गरेको हो । कार्यक्रममा नेपाली काँग्रेसका नेता तथा कार्यकता, सांसद, विभिन्न राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, पत्रकार लगायतले एक आपसमा शुभकामना आदान-प्रदान गरेका थिए ।

# सात वर्ष बित्दा समेत...

...काम थालेको पाँच वर्षसम्म ३५ प्रतिशत भौतिक प्रगति रहेकामा गत आवमा भएको कामसमेत गरेर ८० प्रतिशत भौतिक प्रगति भएको निर्माण कम्पनीले जनाएको छ । बागलुङ र पर्वत दुवैतर्फ पुल जोडिने संरचनाको काम सकिएको छ । कालीगण्डकी नदीको बीचमा दुईवटा पिल्लर तयार भएका छन् । पाँचौं पटक म्याद थपका लागि निवेदन दर्ता गराएको निर्माण कम्पनीले जनाएको छ । 'कामको गति हेर्दा म्याद नथप्नुपर्ने कुनै कारण छैन", इञ्जिनियर पोखरेलले भने, "भिओ स्वीकृत हुने नहुने मुख्य प्रश्न हो ।' उनका अनुसार १३ करोड १२ लाख ४९ हजार तीन सय ६४ मा तीस महिनाभित्र काम सक्नेगरी सम्झौता भएको थियो । बागलुङ-पोखरा राजमार्गको विकल्पको रुपमा पर्वतको फलेवास, कार्कीनेटा, स्याङ्जा हुँदै पोखरा जोड्ने वैकल्पिक सडकलाई बागलुङको दक्षिण क्षेत्रसम्म जोड्न यो पुल आवश्यक छ । समयमै पुल नबन्दा तीन वर्ष अघि भदौमा आएको पहिरोले मध्यपहाडी लोकमार्ग एक साता अवरुद्ध हुँदा बागलुङवासीले वैकल्पिक मार्गको प्रयोग गर्न नपाएको स्थानीय हरि केसीले बताए । कालीगण्डकी करिडोरमा जोडिने यो पुलले पर्वत, स्याङ्जा र पोखरालाई समेत करिडोरको पहुँचमा ल्याउने उनको भनाइ थियो । उनका अनुसार ऐतिहासिक जैमिनीधाम क्षेत्रमा निर्माण भइरहेको पुलले पर्वत र बागलुङका आर्थिक, सामाजिक र धार्मिक क्रियाकलापमा प्रभाव राख्छ । पुल बनेमा मध्यपहाडी लोकमार्गको बागलुङ-पोखरा खण्डमा आउने समस्याका कारण यात्रुले सास्ती खेप्नुपर्दैन ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई